# स्थानीय राजपत्र

**भूमिकास्थान नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड–६, संख्या : ७, माघ ४ गते, २०७९ साल**

## भाग–२

**भूमिकास्थान नगरपालिका**

भूमिकास्थान नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ (१) बमोजिम नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

कार्यविधिको नाम : **भूमिकास्थान नगरपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७९**

नगर कार्यपालिकाको मिति : २०७९/०९/२९ गतेको बैठकबाट पारित

**प्रस्तावनाः** प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ती, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,
नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएको एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भूमिकास्थान नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ को दफा-१२ बमोजिम यो निर्देशिका बनाइएको छ।

**परिच्छेद-१**
**(संक्षिप्त नाम र प्रारम्भ )**

१. **संक्षिप्त नाम र प्रारम्भः**
यस कार्यविधिको नाम **भूमिकास्थान नगरपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७९** रहेको छ।
यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

क. "ऐन" भन्नाले भूमिकास्थान नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ सम्झनुपर्दछ।

ख. "कार्यविधि" भन्नाले विपद व्यवस्थापन कोष स्थापना तथा व्यवस्थापन कार्यविधि २०७९ भन्ने सम्झनु पर्दछ।

ग. " कोष" भन्नाले विपद व्यवस्थापन कोष स्थापना तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

घ. "तोकिए वा तोकिए बमोजिम" भन्नाले प्रचलित कानुन अनुसार तोकिएको वा तोकिए बमोजिमको कुरा सम्झनुपर्दछ।

ङ. "नगरकार्यपालिका" भन्नाले भूमिकास्थान नगर कार्यालिकालाई भन्ने सम्झनुपर्दछ।

च. "विपद" भन्नाले प्राकृतिक वा मानव सिर्जित कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सम्झनु पर्छ र सो शब्दले कुनै पनि ठाउँमा विपत्तिपूर्ण अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापनमा प्रतिकूल असर परी वा पारी विपदबाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने, बाह्य सहयोगको आवश्यकता पर्ने, दुःखद् तथा कष्टपूर्ण प्राकृतिक वा मानव सिर्जित एवम् यस्तै प्रकारका विपद् र जलवायु परिवर्तनबाट हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ।

छ. "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद वा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्दछ।

ज. "व्यवस्थापन समिति " भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

झ. "कार्यपालिका भन्नाले " भूमिकास्थान नगर कार्यपालिका सम्झनु पर्दछ।

३. कोष स्थापनाः

३.१ विपद व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ।

४. कोषको कार्यालयः

४.१ कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहने छ।

## परिच्छेद-२
## कोषको अवधारणा लक्ष्य र उद्देश्य र नीति

**५. कोषको अवधारणाः**

भूमिकास्थान नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोपबाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपदबारे सचेतना अभिवृद्धि गर्दै विपदबाट हताहत हुनेको संख्या न्युनीकरण गर्न, पीडित परिवारको पहिचान गरी राहत सहयोग पुर्याउनु नै कोषको अवधारणा हुनेछ।

६. **लक्ष्यः** प्राकृतिक तथा मानव सृजित प्रकोपमा परेका परिवार, संघसंस्थालाई राहत तथा पुनःस्थापनामा सहयोग पुर्याउने, विपद जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ।

**७. उद्देश्यः**

कोषका उद्देश्यहरु देहायबमोजिम हुनेछनः

१. विपद पीडितको उद्धार तथा पुनःस्थापनाका लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघसंस्थाबीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने।

२. विपद्का दृष्टिकोणले नगरपालिकाका जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरी विपद रोकथाम तथा विपद जोखिम व्यवस्थापनका लागि भौतिक तथा चेतनामुलक कार्यक्रम संचालन गर्ने।

३. विपदबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने।

४. विपद पीडितको आधारभूत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मुल्याङ्कनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग गर्ने।

५. भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरण मैत्रि तथा भवन निर्माण आचार संहिता बमोजिम गर्ने, गराउने।

६. विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि नगरपालिकाको क्षमता विकास गर्ने ।

७. विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुका बीच समन्वय गर्ने।

८. विपदबाट पीडित व्यक्तिहरुलाई तत्काल उद्दार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

९. विपद व्यवस्थापन, वातारण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्ने गराउने।

८. **नीति**

१. विपद पीडितको तत्काल उद्दार गर्ने।

२. विपद पीडितलाई उद्दार पछि राहत सहयोग उपलब्ध गराउने।

३. विपद पीडितहरुलाई पहिचान गरी तत्काल पुनःस्थापनाका लागि सहयोग पुर्याउने।

४. विपद पीडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरुका बीच समन्वय गर्ने।

**परिच्छेद-३**

**कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था**

९. **कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः**

१. कोषको लक्ष्य तथा उद्देश्य प्रासिका लागि नगरपालिका भित्र देहायबमोजिमको विषयगत वन वातावरण तथा विपद व्यवस्थापन समिति रहनेछ।

**क.** नगर कार्यपालिकाले तोकेको नगर प्रमुखबाट मनोनित वडाअध्यक्ष — संयोजक

**ख.** नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य — सदस्य

**ग.** नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य —सदस्य

**घ.** प्रमुख प्रशासकीय अधिकृतले तोकेको वन वातावरण तथा विपद व्यवस्थापन समिति प्रमुख — सदस्य सचिव

२. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

**क.** विपद व्यवस्थापन कोषको स्थापना र संचालनको व्यवस्था मिलाउने।

**ख.** कोषको वार्षिक योजना तर्जुमा गरी नगरकार्यपालिकामा पेश गर्ने।

**ग.** विपद व्यवस्थापनका लागि वार्षिक बजेट छुट्याउने।

**घ.** विपद जोखिम न्यूनिकरणका गतिविधिहरुमा बजेट परिचालनका माध्यमबाट तत्काल राहत हुने व्यवस्था मिलाउने।

**ङ.** विपदबाट पिडीत व्यक्ति, परिवार र संघसंस्थालाई तत्काल राहत उपलब्ध गराउने।

**च.** विपदबाट पिडीतका लागि पुनः स्थापनाको व्यवस्था गर्ने।

**छ.** नगरपालिकालाई विपद व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने दस्तावेज तयार गर्ने।

**ज.** विपदबाट विस्थापित परिवार तथा समुदायलाई पुनः स्थापना गर्ने सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने।

३. व्यवस्थापन समितिको बैठकको आह्वान समितिको संयोजकले गर्नेछ भने सदस्य सचिवले बैठक बोलाउन सकिनेछ।

४. व्यवस्थापन समितिको बैठक विपदको आवश्यकता अनुसार जुनसुकै समयमा पनि बोलाउन सकिनेछ।

५. व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ।

६. बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ।

**परिच्छेद-४**

**आर्थिक तथा प्रशासनिक व्यवस्था**

१०. **कोषको वित्तिय व्यवस्थापन**

१. कोषमा देहायका रकमहरु रहने छनः

क. नगरसभाबाट विपद व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम।

ख. अन्य स्थानीय तहबाट प्राप्त हुने रकम।

ग. कोषलाई सेवा शुल्क बाट प्राप्त हुने रकम।

घ. कोषलाई अन्य विभिन्न स्रोतहरुबाट प्राप्त हुने रकम।

ङ. संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम।

२. यस कोषको रकम स्थानीय विपद व्यवस्थापन कोषमा जम्मा गरिनेछ। कोषको संचालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

३. कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

११. कोषको रकम खर्च गर्ने क्षेत्रः

१. विपदको पूर्वतयारी चरणमा विभिन्न सूचना तथा जानकारीहरु सम्प्रेषण गर्न।

२. जोखिममा रहेका बस्तिहरुलाई स्थानान्तरण गर्न।

३. खोज तथा उद्दार गर्न।

४. प्राथमिक उपचार गर्न।

५. विपद प्रतिकार सम्बन्धि काम गर्न।

६. आवश्यक राहत सामाग्री वितरण गर्न।

७. विपदमा परेकाहरुलाई राहत उपलब्ध गराउन।

८. विपदमा परेकाहरुलाई व्यवस्थापन गर्ने।

९. विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्न।

१२. **कोषको आर्थिक व्यवस्थाः**

कोषको आर्थिक व्यवस्था यस कार्यविधिकमा तोकिएबमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ।

१३. वर्जित गरिएको बारेः

कोषमा जुन प्रयोजनको लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ।

१४. प्रशासनिक व्यवस्थाः

कोषको प्रशासनिक तथा आर्थिक कारोबार नगर कार्यपालिकाको कर्मचारीहरु बाट नै संचालन गरिनेछ।

१५. बैठक भत्ताः

व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी तथा सदस्यहरु एवं अन्य आमन्त्रितलाई नियमानुसार भत्ता उपलब्ध गराईनेछ।

१६. राहत तथा उद्दार कार्य संचालन सम्बन्धि व्यवस्थाः

नगरपलिकाको कुनै पनि क्षेत्रमा विपद आइपरेको अवस्थामा देहायबमोजिमको व्यवस्थापन गरिनेछः

क. विपद प्रभावित स्थानको पहिचान गरी तत्काल उद्दारको व्यवस्था गरिनेछ।

ख. उद्दार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यलाय मार्फत लगत राख्ने व्यवस्था मिलाईनेछ।

ग. वडाद्धारा विपद प्रभावित वा पीडितहरुको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि नगरपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गरिनेछ।

घ. वन वातावरण तथा विपद व्यवस्थापन समितिबाट विपद पिडितको आवश्यकता, क्षति र वर्गिकरणका आधारमा राहतको व्यवस्था मिलाईनेछ।

ङ. थप राहत आवश्यकता पर्ने विपद पिडितलाई थप राहतको लागि अन्य निकायहरुसमक्ष कार्यालय मार्फत सिफारिस गरिनेछ।

१७. विपद प्रभावित वर्गीकरणः

नगरपालिकामा आइपर्ने विपदबाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछः

**क.** **उच्च जोखिमः** प्राकृतिक वा मानव सिर्जित विपदका कारण घरबास पूर्ण रुपमा क्षति भएको र घरलाई बास स्थानान्तरण गर्नुपर्ने अवस्था भएका, बसोबास गर्ने घर एवं अन्य भौतीक पूर्वाधार पूर्ण रुपमा नष्ट भएका व्यक्ति वा घर परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन्।

**ख.** **जोखिमः**—प्राकृतिक वा मानव सिर्जित विपदका कारण घरका आगन, थारा, करेसाबारी लगायतका क्षेत्र मर्मत गर्नुपर्ने अवस्था भएका, घरमा क्षति भएका तर बस्न मिल्ने लायक, बाढी पहिरोले खेतबारीमा क्षति पुर्याएका व्यक्ति वा घर परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन्।

**ग.** **सामान्य जोखिमः-** प्राकृतिक वा मानव सिर्जित विपदका कारण सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन्।

**१८. राहत वितरण व्यवस्थापन सम्बन्धीः**

**क.** विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिस, सर्जमित मुचुल्का, नागरिकताको प्रतिलिपि लगायतका आवश्यक कागजातहरु र प्राविधिक अनुगमनका आधारमा उच्च जोखिम वर्गीकरणमा परेकाहरुलाई रु.१५००० रकम उपलब्ध गराउने।

**ख.** विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिस, सर्जमित मुचुल्का, नागरिकताको प्रतिलिपि लगायतका आवश्यक कागजातहरुका आधारमा जोखिम वर्गीकरणमा परेकाहरुलाई रु.५,०००।-रकम उपलब्ध गराउने।

**ग.** विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिस का आधारमा सामान्य जोखिम वर्गीकरणमा परेकाहरुलाई रु.३,०००।- रकम उपलब्ध गराउने।

**घ.** प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई देहाय बमोजिमको राहत रकम उपलब्ध गराउने,

**अ.** गोठहरु/थारो पूर्णरुपमा क्षति भएमा रु.१००००।-

**आ.** विपदमा परी मानव मृत्यु भएको हकमा प्रति परिवार रु.५००००।—

**इ.** विपदमा परी मानव घाईते भएको व्यक्तिको हकमा प्रति व्यक्ति रु.५०००।—

**ई.** विपदमा परी पशु चौपायाको मृत्यु भएमा देहाय बमोजिमको राहत रकम उपलब्ध गराउनेः

१. गाई/ भैंसिको हकमा प्रति रु.५०००।—

२. गोरुको हकमा प्रति रु.२०००।—

३. बाखा पाठाको हकमा रु१०००।—

**परिच्छेद-५**

**विविध**

१९. **विविधः**

कोषबाट कार्यक्रम संचालन गर्नुपर्नेः

नगर कार्यपालिकाको कार्यालय, नगरपालिका र यस अन्तर्गतका समिति वा उपसमितिबाट विपद सम्बन्धि कार्यक्रम संचालन गर्दा यस कोष बाट मात्र संचालन गरिनेछन्।

२०. **कार्यविधिको संशोधनः**

यस कार्यविधिको संशोधन गर्न आवश्यकक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

२१. **बचाउ र खारेजीः**

**क.** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ।

**ख.** कुनै कारणबाट कोष संचालन हुन नसकेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ।

ग. कोष खारेज भएमा कोषमा रहेको चल अचल सम्पत्ति तथा दायित्व नगर कार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ।

**आज्ञाले**

( **नारायणप्रसाद पोखेल** )

प्रमुख प्रशासकीय अधिकृत